# गण्डकी प्रदेश सभा
# छैटौं अधिवेशन
# बैठक संख्या-१५
# सुचना पत्र-२
**(मिति २०८१ साल असार ०६ गतेको बैठकको कारवाहीको संक्षिप्त विवरण)**

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा अपहारन्न दिनको १ बजेर ४३ मिनेटमा प्रारम्भ भयो।

बैठकको प्रारम्भमा शुन्य समयमा निम्न माननीयहरुले निम्न विषयहरमा आ-आफ्नो भनाई राखुभयो ।

| क्र.सं. | माननीय | विषय/भनाई |
|---|---|---|
| १. | मा. अशोक कुमार श्रेष्ठ | मिति २०८१-०३-०५ मा आएको वर्षाले तनहुँमा बाढी आएको र भानु न.पा-०६ खत्री खोलामा कजुरी बगाएको र आगमन बन्द भएको, सम्बन्धित निकायको ध्यानआकर्षण गराउनु भएको। |
| २. | मा. कल्पना तिवारी | स्याङ्जा र पाल्पामा बस्ने उपभोक्ताहरुलाई बुटबल पावर कम्पनीले अप्रयात्शित रुपमा मूल्यबृद्धि गरेको ।<br>गण्डकी प्रदेश सरकारले बाढी र जनधनको क्षति हुने सम्भावनालाई ध्यानमा राखि सतर्कता अपनाउन आग्रह गर्नुभएको । |
| ३. | मा. टिका कुमारी बस्याल | वेशीशहर न.पा.-०१ मा २०८१असार ४ र ५ गते पहिरो गएको, घर भगाएको र डुम्रे बेशीसहर सडक अबरुद्ध भएकाले र यस्ता समस्या नदोहोरिन सम्बन्धित निकायको ध्यानआकर्षण गराउनु भएको । |
| ४. | मा. दमयन्ती रुचाल | २०८१-०२-१७ मा हावाहुरीको कारण त्रिवेणी -५ लालेमा अवस्थित सिद्द आधारभूत मा.वि.र वरपरका २५ घरधरीमा क्षति पुगेको र पुननिर्माणमा समस्या रहेको कारणले सरकारको ध्यानआकर्षण गराउनु भएको । |
| ५. | मा. देवका पहारी त्रिपाठी | हवाई टिकटमा लगाईएको भ्याट हटाउन माग गर्नुभएको । |

| | | |
|---|---|---|
| ६. | मा. निर्मला थापा | स्याङ्जा कालीगण्डकी -०७ आँधीमोहन भन्ने स्थानमा बोटे जातिहरु जोखिममा रहेका र २०० मिटर तटबन्धन गरिदिनुहुन  सभामुख मार्फत प्रदेश सरकारलाई जानकारी गराउनु भएको । |
| ७. | मा. पार्वती तामाङ | ईशानेश्वर महादेव मन्दिर बजेट भाषणमा अटाउन माग गर्नुभएको । |
| ८. | मा. प्रकाश बराल | बर्षाले पोखराका विभिन्न ठाउँमा पारेको असरबारे सरकार, सम्बन्धित निकायको ध्यानआकर्षण गराउनु भएको । |
| ९. | मा. पञ्चराम गुरुङ्ग | सिदार्थ राजमार्गको स्तरोन्नति समयमै गर्न ध्यानआकर्षण गराउनु भएको । |
| १०. | मा. भीम बहादुर कार्की | असार १ गते पोखराऔ -३३ सुघौली खोलामा पुल निर्माणको क्रममा बनाईएको खाल्डोमा खसेर ९ वर्षीय गणेश विकको मृत्यु भएको घटनाको छानविन साथै क्षतिपुर्ति र उक्त अलपत्र पुल निर्माण छिटो सम्पन्न गर्न माग गर्नुभएको ।<br>पोखरा -२१ र १७जोड्ने दम्सादीको पुल छिटो निर्माण गर्न सभामुख मार्फत केन्द्रीय सरकारको ध्यानआकर्षण गर्नुभएको । |
| ११. | मा. महेश भट्टराई | बुटबल पावर कम्पनीले  अवैज्ञानिक रुपमा  गरेको मूल्यबृद्धि फिर्ता लिन सम्बन्धित निकायको ध्यानआकर्षण गर्नुभएको । |
| १२. | मा. मित्रलाल बस्याल | जेठ ५ गते हावाहुरीले विहादी-५ मा रहेको चन्द्र माविमा परेको समस्या समाधानको लागि ध्यानआकर्षण गराउनुभएको र कालीगण्डकी करिडोर(फलेवास)मा निर्माणधीन मोटेरवेल पुल बाढिले बगाएर बनाएको समस्या समाधानको लागि ध्यानआकर्षण गराउनुभएको । |

| | | |
|---|---|---|
| १३. | मा. विमला गौचन | मुक्तिनाथ जाने बाटो रंघुगंगा-३ वैशाली भन्ने ठाउँमा पहिरो गएको र संघीय सरकारसँग समन्वय गर्न ध्यानआकर्षण गर्नुभएको । |
| १४. | मा. सीता कुमारी सुन्दास | बर्षातको समय आएको र जोखिमपूर्ण बस्ती व्यवस्थापन गर्न ध्यानआकर्षण गराउनु भएको । |
| १५. | मा. सुशिला सिंखडा | गोरखाका उत्तरी भुभाग- भुकम्प प्रभावित ठाउँहरु अझै जोखिममा रहेको जानकारी गराउनु भएको र बर्षाको समयमा हुने जोखिम न्यूनिकरण गर्न र जनधनको क्षति रोक्न समयमै उपयुक्त कदम चाल्न ध्यानआकर्षण गराउनु भएको । |
| १६. | मा. श्यामराजा महत | तनहुँ शुक्लागण्डकी नगरपालिकाको सेती नदीमा भएको पुल भासिएको र दुलैगौडा बजारलाई असर गर्न जानकारी दिनुभएको । |

त्यसपश्चात आर्थिक मामिलामन्त्री मा. टंकराज गुरूङ्गले मिति २०८१ असार १ गते प्रस्तुत गर्नुभएको गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको बार्षिक अनुमान(बजेट)का सम्बन्धमा छलफल गरियोस् भन्ने प्रस्ताव बक्तव्य सहित प्रस्तुत गर्नुभयो ।

त्यसपछि आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको बार्षिक अनुमानमा सामान्य छलफलको प्रारम्भ भयो ।सामान्य छलफलमा मा. अशोक कुमार श्रेष्ठले आफ्नो भनाई राख्नुभयो ।

यसैविच बजेटको सामान्य छलफलमा मा. लिल बहादुर थापाले वजेटमा प्राविधिक त्रुटि देखिएको, आय र व्ययको हिसाव नमिलेको विषय उठाउनुभयो र मा. गोविन्द वहादुर नेपालीले सरकारको धारणा माग गर्नुभयो। मा. सभामुखले बैठक १० मिनेटको लागि स्थगित गर्नुभयो।

तत्पश्चात बैठक ४ बजेर ३६ मिनेटमा पुन सुचारु भयो । माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङ्गले आय व्ययको हिसाव सम्बन्धमा जवाफ दिनुभयो । मा लिलवहादुर थापा र मा. गोविन्द बहादुर नेपालीले जवाफ स्पष्ट नआएको व्यहोरा जानकारी गराउनुभयो र विपक्षी दलका माननीय ज्यूहरु सभामा उभिएर विरोध जनाउनु भयो ।

त्यसपछि अर्को बैठक २०८१ असार ७ गते शुक्रबार विहान ११:३० बजे बस्नेगरी बैठक स्थगित भयो ।